# धितोपत्र बोर्ड
# शेयर बाँडफाँट सम्बन्धी निर्देशिका, २०५१

सार्वजनिक रुपमा बिक्री वितरण गरिएका शेयरहरु निष्पक्ष र बिना शर्त बाँडफाँट हुनु लगानीकर्ताहरुको हितको लागि अपरिहार्य छ । सर्वसाधारणलाई जारी गरिएको शेयरको संख्या भन्दा बढीको लागि दरखास्त प्राप्त हुन आएमा बाँडफाँट कार्य निष्पक्ष विना शर्त र पारदर्शी हुनुपर्ने तथ्यलाई बिचार गरि धितोपत्र बोर्डले देहायको निर्देशिका बनाई लागू गरेको छ ।

१. ***क्रमाङ्क निर्धारण*** : शेयर खरीदको लागि दरखास्तहरु प्राप्त भएपछि दरखास्त संकलन केन्द्रबाट प्रदान गरिएको क्रमको आधारमा क्रमाङ्क निर्धारण गर्नुपर्ने छ ।

२. ***दरखास्तको छटनी (Scrunity)*** : शेयर खरीदका लागि प्राप्त दरखास्तहरु मध्ये विवरणपत्रको शर्त अनुसार योग्यता नपुगेका, पूरा विवरण नभरेका, हस्ताक्षर नभएका, माग गरे अनुसार दरखास्त रकम जम्मा नगर्ने र दोहोरो दरखास्तहरु छनौट गरी बाँडफाँटको लागि समावेश नगर्ने गरी छुट्टाउनु पर्नेछ ।

३. ***बर्गिकरण*** : छटनी गरी स्वीकार गरिएका दरखास्तहरु माग गरेको शेयर संख्या अनुसार बर्गिकरण गर्नु पर्नेछ । सो गर्दा बर्ग फरक (Class-interval) संख्या दरखास्तको चाप र प्राप्त दरखास्तबाट माग गरेको शेयर इकाईको आधारमा निर्धारण गर्नुपर्नेछ । माग गरेको एकै इकाइमा दरखास्त केन्द्रित भएको अवस्थामा बाहेक साधारणतया एकै बर्गमा २०% भन्दा बढी शेयर संख्या केन्द्रित नहुने गरी बर्गिकरण गर्ने । यस्को अर्थ धेरै दरखास्त केन्द्रिकरण भएको ठाउँमा सानो बर्ग फरक र धेरै फैलिएको ठाउँमा ठुलो बर्ग फरक कायम गर्नुपर्नेछ ।

४. ***पुन: बर्गिकरण*** : यसै निर्देशिकाको दफा ७ (क) मा उल्लेखित अवस्था अनुसार सबै दरखास्तवालाहरुलाई शेयर बाँडफाँट गर्न नपुग्ने भएमा शुरुमा प्रदान गरिएका संख्याहरु ५ अंकको नभएमा सो बनाई उल्टो पार्ने र सो उल्टो पारेको संख्याहरु क्रमानुसार नं. १,२,३,४............. नं. दिने ।

उदाहरण - मानौ शुरुको दरखास्त नं. १२३ थियो । यसलाई ५ अंकको बनाउँदा ०००१२३ हुने भयो । जसलाई उल्टाउँदा ३२१००० बन्छ । यसै नम्बरलाई क्रमानुसार राखी बाँडफाँटको लागि छनौट गर्दा प्रयोग गर्नुपर्ने छ ।

५. ***बोर्डलट अनुरुप*** : बाँडफाँट गर्दा धितोपत्र विनियम बजारले कारोबारको लागि तोकेको बोर्डलट वा त्यस्को गुणक संख्यामा बाँडफाँट गर्नुपर्ने छ ।

६. ***तालिका*** : बर्गिकृत गरी क्रमाङ्क अनुसार दरखास्तहरुको सूची तयार गरेपछि अनूसुची “क” अनुसार तालिका तयार गरी कोलम संख्या १ देखि ५ सम्मको विवरण भर्ने र यसै तालिकाको अध्ययन गरी बाँडफाँटको आधार तयार गर्नु पर्नेछ ।

७. ***बाँडफाँटको आधारहरु*** : बाँडफाँट आधार निम्न बमोजिम हुनेछः-

(क) शेयर बाँडफाँट गर्दा कम्पनी ऐन, २०२१ को दफा २१ मा उल्लेख भएका व्यवस्थाहरुको आधारमा बाँडफाँट गर्नुपर्दछ । यस व्यवस्था अनुसार विवरणपत्रद्वारा माग गरिएको न्यूनतम शेयर संख्या स्वीकृत सबै दरखास्तवालालाई दिन पुग्ने भएमा सोही अनुसार बाँडफाँट गर्नुपर्नेछ ।

(ख) माथि दफा ६ अनुसारको तालिकाको प्रत्येक बर्ग (Category) मा प्रोभिजिनल बाँडफाँट गर्ने । त्यस्तो बाँडफाँट गरिएको शेयर संख्या बाँडफाँट गर्न उपलब्ध शेयर संख्या र माग भएको शेयर संख्या बीचको अनूपात अनुसार हुनु पर्नेछ । त्यसपछि प्रोभिजिनल बाँडफाँट भएको शेयर थोरै शेयर माग गर्नेको पक्षमा ल्याउने । सबभन्दा थोरै शेयर माग गर्नेको बर्गमा प्रगतिशिल रुपले बढी दरमा कटौति गर्दै लगी सबभन्दा बढी कटौति गर्ने । यसरी बाँडफाँट गर्दा माग गरेको शेयरको सापेक्षिक भार (Relative weightage) बढी शेयर माग गर्ने समूह तर्फ अधोमुख (converging) हुनुपर्नेछ ।

८. शेयरको बाँडफाँट गर्दा थोरै शेयर माग गर्नेलाई बढी शेयर माग गर्नेको भन्दा बढी शेयर दिन हूने छैन ।

९. ***लट (Lot) छनौट*** : बाँडफाँट कार्यान्वयन गर्दा पछि प्रमाणित (verify) गर्न समेत सजिलो होस भन्नका लागि लट छनौट गर्न प्रयोग हुने अनुपात (Ratio) लिंदा छनौट भएका क्रमाङ्कहरु २, ३, ४ .............. को फरक हुने अंकगणिततीय दरमा वृद्धि भएका अंक समूह (Arithmetical series) मा आउने गरी छनौट गर्नु पर्नेछ । त्यस पछि बाँकी रहेको शेयर अरु उपयुक्त अनुपातमा गर्नु पर्नेछ ।

*(१०)* ***रेखदेख समिति*** : लट छनौट गर्ने कार्यलाई बढी पारदर्शक बनाउन कम्पनी तथा निष्काशन प्रबन्धकर्ताले सार्वजनिक संचार माध्यम समेत समावेश भएको शेयर छनौट रेखदेख समिति बनाउन सक्नेछ ।

#*(११)* ***बाँडफाँट सिमा*** : सबै लगानीकर्ताहरुलाई शेयर बाँडफाँट नहुने अवस्थामा शेयर बाँडफाँट गर्दा सानो समूहलाई बढी भार दिने । सार्वजनिक रुपमा निष्काशन बिक्री गरिएको शेयरको अंकित मूल्य रु. पाँच करोडसम्म भएमा प्रत्येक रु. एक लाखमा न्युनतम ५० जना शेयरधनीहरु र रु. पाँच करोड भन्दा बढीको हकमा शेयरधनीहरुको संख्या २५,००० भन्दा कम नहुने गरी प्रत्येक रु. एक लाखमा न्यूनतम २० जना शेयरधनीहरु हुनु अनिवार्य हुनेछ ।

**(१२) ***संरक्षण*** : विवरणपत्र अनुसार संगठित संस्थाका कर्मचारीहरुलाई शेयर सुरक्षित राखी शेयर बाँडफाँट गरिएको अवस्थामा उक्त संस्थामा काम गर्ने कर्मचारीलाई आफुले लिएको शेयर कम्तीमा ३ वर्षसम्म बिक्री वितरण गर्न नपाउने शर्त तोकी निजहरुको शेयर प्रमाणपत्रमा “मिति........ सम्म शेयर हस्तान्तरण गर्न बन्देज रहेको” व्यहोरा उल्लेख गर्नुपर्ने । यसरी कर्मचारीहरुलाई छुट्टयाउन सक्ने गरी प्रचलित कानूनले तोके बमोजिमको शेयर कर्मचारीहरुबाट माग भै आएको हकमा सम्बन्धित संगठित संस्थाको संचालक समितिले औचित्यपूर्ण (Fair) तवरबाट बाँडफाँट गर्ने र यसरी गरिएको बाँडफाँटको आधार, कुन कर्मचारीलाई कति शेयर संख्या बाँडफाँट गरिएको आदी सम्बन्धी विवरण निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराउनुपर्ने ।

*(१३)* ***बाँडफाँटको सुचना*** : शेयरको बाँडफाँट गरिएको सूचना शेयर बाँडफाँट गर्ने निर्णय गरेको ३ दिनभित्र पत्रपत्रिकामा विज्ञापनको रुपमा प्रकाशित गर्नु पर्नेछ ।

*(१४)* ***स्टक एक्स्चेन्जको सहमति*** : शेयरको बाँडफाँट गर्दा निष्काशन प्रबन्धकको सहभागितामा बाँडफाँटको आधार र रेखदेख सम्बन्धमा नेपाल स्टक एक्स्चेन्जबाट सहमति प्राप्त गरी सम्बन्धित संगठित संस्थाले शेयर बाँडफाँट कार्य गर्नु पर्नेछ ।

*(१५)* ***लागू हुने*** : यी निर्देशनहरु आइन्दा बाँडफाँट हुने शेयरको बाँडफाँट गर्दा लागू हुनेछ ।

*(१६)* ***बाधा अड्काउ फुकाउने*** : उल्लेखित निर्देशिका अनुसार काम गर्दा गराउँदा कुनै कठिनाई वा अवरोध आएमा धितोपत्र बोर्डमा पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ ।

**अनुसूची “क”**

| वर्ग | प्राप्त दरखास्त संख्या | दरखास्त संख्या/कुल प्राप्त दरखास्त | माग गरेको संख्या | माग गरेको शेयर संख्या/कुल माग गरेको शेयर संख्या | प्रत्येक बाँडफाँट वालालाई दिने शेयर | बाँडफाँट हुने शेयर | बाँडफाँट हुने शेयर/कुल बाँडफाँट हुने शेयर | शेयर प्राप्त गर्ने लगानीकर्ता संख्या | शेयर बाँडफाँटको भार |
|---|---|---|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (८)/(५) = (१०) |
| | | | | | | | | | |

# बोर्डको मिति २०५६।१०।१७ को निर्णयानुसार संशोधन गरिएको ।
** बोर्डको मिति २०६३।६।५ को निर्णयानुसार संशोधन गरिएको ।